**मिति २०८३।०१।११ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को १२ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिका वडा नं. ९ जैनटार क्षेत्रमा रहेको नदीजन्य पदार्थ जे जस्तो छ सोहि अबस्थामा बिक्रि गर्ने गरी ई-बोलपत्र बन्दोबस्त गर्न मिति २०८२/१०/२९ मा, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), गण्डकी प्रदेश सरकारको आर्थिक ऐन-२०८१ को दफा ८ र सोसंग सम्बन्धित अनुसूची-७, गैंडाकोट नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि-२०७७ , गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७, स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिबेदनमा ब्यबस्था भएअनुसार प्रकाशित सूचना बमोजिम रित पुर्बक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (२) को प्रयोजनार्थ ठेक्का नं. 01/IR/NCB/GM/082/083 (आन्तरिक आय) अन्तर्गत सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित श्री जिम्मल बिल्डर्स प्रा.लि., भरतपुर महानगरपालिका, वार्ड नं. -२२ ले यस कार्यालयको च.न. १७२२ मिति २०८२/१२/१६ को पत्रमा उल्लेखित रकम तथा शर्तहरु पुरा गरेकोले नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्रि सम्बन्धि कार्य गर्न गराउन मिति २०८३/०१/११ गते देखि अधिकतम २०८३/०२/३१ सम्म (परिमाण उल्लेखित समय अगाबै तोकिएको परिमाण पुरा भएको खण्डमा सोहि मिति अन्तिम हुने गरी) श्री जिम्मल बिल्डर्स प्रा.लि., भरतपुर महानगरपालिका, वार्ड नं. -२२ र यस गैंडाकोट नगरपालिकाको कार्यालय बिच सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. २** कोहिनुर कन्स्ट्रसन प्रा.लि. काठमाण्डौंले पेश गरेको निवेदन अनुसार जग्गाधनी गैंडाकोट वडा नं. ९ बस्ने टिकाराम सापकोटा लगायतका व्यक्तिहरुको आफ्नै नाममा दर्ता पूर्जा रहेका गैंडाकोट वडा नं.७ का जग्गामा अस्फाल्ट उद्योगको स्थापना तथा सञ्चालन कार्य गर्न Narayani Training and Engineering Pvt. Ltd. गैंडाकोट-१, नवलपरासी( ब.सु.पू.) द्वारा तयार गरिएको संक्षिप्त वातावरणिय अध्ययन प्रतिबेदन स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडी बढाउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.३** गैंडाकोट नगरपालिकाको आन्तरिक आय ब्यबस्थापन तथा बिभिन्न खोला/घाट/नदीहरुबाट नदिजन्य पदार्थ तथा निजी जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (माटो,ढुंगा) लगायतका सामाग्री उत्खनन,संकलन तथा बिक्रि बितरण सम्बन्धी कार्यलाई अगाडी बढाउन आ.व.२०८०/०८१ को मिति २०८०/१२।०२ गते बसेको १२ औं नगर कार्यपालिका बैठकबाट भएको निर्णय बमोजिमको निर्देशक समितिमा तपसिल बमोजिम २ जना सदस्य र १ जना सदस्य सचिव तोक्ने निर्णय गरियो।

**तपसिलः**

सदस्यः श्री शँकर कँडेल, सि.सब.ईन्जिनियर वन, विपद् तथा वातावरण शाखा प्रमुख

सदस्यः श्री विज्ञान रानाभाट , सब.ईन्जिनियर वन, विपद् तथा वातावरण शाखा

सदस्य सचिव श्री विजयराज न्यौपाने, सि.डि.ईन्जिनियर पूर्वाधार विकास शाखा प्रमुख

**निर्णय नं.४** पूर्वाधार विकास कार्यालय कावासोती नवलपरासी (ब.सु.पू.) को च.नं. १४० मिति २०८२।०८।१६ गतेको सिफारिस पत्र बमोजिम M/S Shiva Bhaja JV बीच सम्झौता भई निर्माण भई रहेको गैंडाकोट नगरपालिका वडा नं. १८ को Upgrading of Tatriswara Baseni Road ठेक्का नं. IDO-NAW (BSE)-W-NCB- UG-08-2079/080 को लागि गैडाकोट नगरपालिका वडा नं.३ स्थित महेश खोलाबाट ४८० cum ग्रावेल (Sub base) उपलब्ध गराईदिन माग भई आएकोले जिल्ला विपद् ब्यबथापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन राज अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ५** यस गैंडाकोट नगरपालिका, चालु आ.व. २०८२/०८३ को मिति २०८२/१०/०९ को नगर कार्यपालिकाको निर्णय बमोजिम नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रि (आन्तरिक आय) सम्बन्धि ठेक्का बन्दोबस्त गर्ने मिति २०८२/१०/२९ गतेको हिमालय टाइम्स रास्ट्रिय दैनिक, कार्यालयको वेबसाईट, सूचनापाटिमा र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीमा प्रकाशित सूचना बमोजिम रित पुर्बक पर्न आएका बोलपत्रहरु मध्येबाट सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित श्री हिरोज कन्स्ट्रक्सन, भरतपुर महानगरपालिका-२२, चितवनले पेश गरेको बोलपत्र, मिति २०८२/१२/१६ को निर्णय/पत्र अनुसार छनौट भएको र नियामानुसार तोकिएको समयसिमा भित्र सम्झौता गर्न आउन भनि पटक पटक च.नं. १७२३ मिति २०८२/१२/१६, च नं. १८०४ मिति २०८२/१२/२३, च.नं. १८८२ २०८३/०१/०२ गतेको पत्रबाट लेखि पठाईएकोमा हालसम्म पनि सम्झौताको लागि उपस्थित नभएकोले मिति २०८३/०१/१६ गते सम्म सम्झौता गर्ने अवधि थप गर्ने र सो अवधी भित्र समेत सम्झौता गर्न नआएमा गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली-२०७७ को नियम १४० को उपनियम (३) मा "बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो,तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँक्वालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्र वा डाँकवालाको धरौटी जफत गर्नुपर्नेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ", भन्ने ब्यबस्था अनुरुप देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. श्री हिरोज कन्स्ट्रक्सन, भरतपुर महानगरपालिका-२२, चितवनको रु. २०,००,०००.०० (अक्षेरुपि:- बीस लाख मात्र) धरौटी वापतको रकम जफत गर्ने ।
२. दोस्रो वित्तीय उपक्रममा रहेको श्री प्राशिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा, १० काठमाण्डौंले कबोल गरेको रकम रु. २,५६,०८,८४९.६० (अक्षेरुपि:- दुई करोड छपन्न लाख आठ हजार आठ सय उनान्पचास रुपैया साठी पैसा मात्र) र श्री हिरोज कन्स्ट्रक्सन, भरतपुर महानगरपालिका-२२, चितवनले कवोल गरेको रकम रु.३,५३,९८,२३०।-(अक्षरुपी तिन करोड त्रिपन्न लाख अन्ठानब्बे हजार दुई सय तीस रुपैया मात्र) बीचको अन्तर रु. ९७,८९,३८०.४० (अक्षेरुपि:- सन्तानब्बे लाख उनानब्बे हजार तीन सय असी रुपैया चालिस पैसा मात्र) मा धरौटी वापतको रकम घटाई आउने बाँकी रकम रु. ७७,८९,३८०.४० (अक्षेरुपि:- सतहत्तर लाख उनानब्बे हजार तीन सय असी रुपैया चालिस पैसा मात्र) गैंडाकोट नगरपालिका कार्यालयको राष्ट्रिय बाणिज्य बैंक गैंडाकोट शाखाको आन्तरिक राजश्व खाता नं. 3350100304010002 ग-४-१ मा ३५ दिन भित्र जम्मा गरी सोको सक्कल भौचर कार्यालयमा पेश गर्न श्री हिरोज कन्स्ट्रक्सन, भरतपुर महानगरपालिका-२२, चितवनलाई पत्राचार गर्ने ।
३. तोकिएको समय भित्र उल्लेखित रकम दाखिला नगरेमा उक्त श्री हिरोज कन्स्ट्रक्सन, भरतपुर महानगरपालिका-२२, चितवनलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा (१ को खण्ड ख ) बमोजिम कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने, र उक्त रकम सरकारी बाँकी सरह असुलउपर गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ बमोजिम कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालयमा लगत कस्न लेखि पठाउने ।
४. दोस्रो वित्तीय उपक्रममा रहेको श्री प्राशिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा, १० काठमाण्डौंलाई आबश्यक कागजात सहित ७ (सात) दिन भित्र सम्झौताको लागि उपस्थित हुन सार्बजनिक सूचना तथा पत्राचार गर्ने ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन राज अधिकारी
नगर प्रमुख

CamScanner

गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| १५ | टोल विकास समिति आमा समुह जनप्रतिनिधि जेष्ठ नागरिक तथा समाजसेवी अवलोकन भ्रमण क्र.सं. ६३५ | रु.३,००,०००/- | बाल उदय आधारभुत विद्यालयको भवन रंगरोगन तथा अन्य कार्य | रु.२,००,०००/- |
| | | | जेष्ठ नागरिक सम्मान | रु.१,००,०००/- |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner